नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
सिरहा
(प्रशासन कार्यालय)

☎ ५२०१२१
५२००३२
फ्याक्स ५२००९९

प.सं.:- २०७४/०७५
च.नं.:- ०७६९८

मिति :- २०७५।०३।१३

विषयः- परीक्षा केन्द्र विवादले शान्ति सुरक्षामा समस्या सम्वन्धमा ।

श्री परीक्षा नियन्त्रकज्यू
परीक्षा नियन्त्रण कार्यालय
बल्खु, काठमाडौं ।

प्रस्तुत विषयमा संयुक्त विद्यार्थी फोरमको तर्फबाट कासिन्द्र यादव समेत ५ वटा विद्यार्थी संगठनले जारी गरेको संयुक्त प्रेस विज्ञप्तिको छायाँप्रति पाना १ र सु.सु.मो.या.ब.क्याम्पस सिरहाको मिति २०७५।०३।१३ को प्राप्त पत्रको छायाँप्रति समेत यसैसाथ संलग्न राखी तहाँ पठाइएको छ । सम्पूर्ण व्यहोरा सोहीबाट अवगत गर्नु भई सु.स.मो.या.ब. क्याम्पस नेपाल राज्यको पुरानो शैक्षिक संस्थाको रुपमा आंगिक क्याम्पस रहेको तथा परम्परागत रुपमा नियमित रुपमा परिक्षा केन्द्र रही रहेकोमा हाल आएर उक्त क्याम्पसमा स्नातक दोस्रो बर्षको परीक्षा तर्फ आंशिक ३११ जना विद्यार्थी रहेको (जुन ठुलै संख्यामा रहेको) क्याम्पसको परीक्षा केन्द्र २६० विद्यार्थी रहेको गोलबजारस्थित पब्लिक क्याम्पसमा स्थानान्तरण गरिएको कारण विद्यार्थी संगठनहरु आन्दोलित भई केही समय बाटो अवरुद्ध गरिएको र क्याम्पस प्रमुख समेतलाई करिव डेढ घण्टा निजको कोठामै थुनेको हुँदा विद्यार्थी संगठनहरुबाट जारी भएको प्रेस विज्ञप्तिबाट उक्त विवाद समाधान नभए कडा आन्दोलन गरिने भनी जानकारी समेत प्राप्त हुन आएको हुँदा उक्त विवादको कारण जिल्लाको शान्ति सुरक्षा समेत विग्रन सक्ने अवस्थालाई मध्यनजर गर्दै अविलम्व परीक्षा केन्द्र साविक बमोजिम सु.स.मो.या.ब.क्याम्पस सिरहामा नै कायम राख्नको लागि अनुरोध छ । साथै परीक्षा कार्यक्रम संचालन हुने समयमा परीक्षालाई व्यवस्थित एवं मर्यादित गराइने व्यहोरा समेत यसै पत्र मार्फत जानकारीको लागि अनुरोध गर्दछु ।

(रुद्रप्रसाद पण्डित)
प्रमुख जिल्ला अधिकारी
प्रमुख जिल्ला अधिकारी

बोधार्थ :-
श्रीमान् सचिवज्यू
गृह मन्त्रालय, सिंहदरवार, काठमाडौं ।

श्रीमान् सचिवज्यू
शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय
सिंहदरवार, काठमाडौं ।

श्रीमान् उपकुलपतिज्यू
त्रिभुवन विश्वविद्यालय, बल्खु ।

श्री जिल्ला प्रहरी कार्यालय
सिरहा ।

श्री सु.स.मो.या.ब.क्याम्पस
सिरहा ।

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
सिरहा
(प्रशासन फाँट)

☎ ५२०१२१
५२००३२
फ्याक्स ५२००९९

प.सं.:- २०७४ ०७५
च.नं.:- १०६५४

मिति :- २०७५।०३।०८

विषयः- नुन आयातमा प्रतिवन्ध लगाउने सम्वन्धमा ।

श्री जिल्ला प्रहरी कार्यालय
सिरहा ।

श्री सशस्त्र प्रहरी बल सीमा सुरक्षा कार्यालय
सिरहा ।

प्रस्तुत विषयमा नेपाल भारत सीमा क्षेत्रका भारतीय बजारहरुबाट नेपाल तर्फ आयात हुने नुनको साल्ट ट्रेडिङ्ग मार्फत परिक्षण हुँदा आयोडिनरहित पाइएको देखिदाँ त्यस्ता अखाद्य नुनबाट सर्वसाधारणको स्वास्थ्यमा समेत नकारात्मक असर पर्न सक्ने अवस्थालाई मध्यनजर गर्दै मिति २०७५।०३।०५ गते प्रमुख जिल्ला अधिकारीको अध्यक्षतामा बसेको कार्यालय प्रमुखको वैठकबाट समेत भारतबाट आयात हुने आयोडिनरहित अखाद्य नुनमा पूर्ण प्रतिवन्ध लगाउने भनी निर्णय भएको हुँदा सो सम्वन्धमा आवश्यक व्यवस्था मिलाउन हुन अनुरोध छ ।

(रुद्रप्रसाद पण्डित)
प्रमुख जिल्ला अधिकारी

बोधार्थ :-
श्रीमान् सचिवज्यू
गृह मन्त्रालय, सिंहदरवार, काठमाडौं ।

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
सिरहा
(प्रशासन फाँट)

☎ ५२०१२१
५२००३२
फ्याक्स ५२००९९

प.सं.:- २०७४/०७५
च.नं.:- १०२५५

मिति :- २०७५।०३।०७

विषयः- क्याम्पसको विवाद समाधान गर्ने सम्वन्धमा ।

श्री प्रमुख
मिर्चैया नगर कार्यपालिकाको कार्यालय, मिर्चैया ।

श्री अध्यक्ष
ब्रम्हचारी दामोदरानन्द कलेज संचालक समिति
रामनगर मिर्चैया २, सिरहा ।

प्रस्तुत विषयमा ब्रम्हचारी दामोदरानन्द कलेजमा केही समय अघिदेखि क्याम्पस संचालक समिति र क्याम्पस प्रमुख नियुक्तिका विषयमा विवाद भई हाल कलेजमा तालावन्दी भई पठन पाठन अवरुद्ध भएको सम्वन्धमा यस कार्यालयको गम्भीर ध्यानाकर्षण भई आज मिति २०७५।०३।०७ गते सो क्याम्पससंग सरोकार राख्ने संचालक समितिका अध्यक्ष, प्राध्यापक, शिक्षाप्रेमी, पूर्व अध्यक्ष एवं वडा अध्यक्ष एवं प्र.ना.उ. द्वय समेतको उपस्थितिमा करिव २ घण्टा भएको छलफल तथा निष्कर्ष अनुसार उक्त क्याम्पस संचालनका संम्वन्धमा देहाय बमोजिम गर्ने गराउने व्यवस्था मिलाउनु हुन अनुरोध गरिन्छ ।

१. गोरखापत्र राष्ट्रिय दैनिकमा मिति २०७४।१२।०२ गते प्रकाशित त्रि.वि.को सम्वन्धनमा संचालित क्याम्पसहरुले क्याम्पस संचालन सम्वन्धी विधान अनिवार्य पेश गर्ने सम्वन्धी सूचना बमोजिम त्यस क्याम्पसका संचालक समितिका अध्यक्ष सहित कम्तिमा ५ जना सदस्य तोकी क्याम्पस संचालन सम्वन्धी विधानको मस्यौदा तयार गरी स्वीकृतिको लागि तोकिएको समय भित्र सम्वन्धित निकायमा पठाउने ।
२. क्याम्पस प्रमुखको नियुक्तिको विषय विवादित भई सम्मानित उच्च अदालतमा विचाराधिन रही रहेको हुँदा सम्मानित अदालतको अन्तिम निर्णय बमोजिम हुने गरी हाललाई अर्को व्यवस्था नभएसम्मका लागि निमित्त क्याम्पस प्रमुखको रुपमा कार्य जिम्मेवारी दिने व्यवस्था संचालक समितिबाट गराउने ।
३. उक्त क्याम्पसको समुचित व्यवस्थापन, विकास तथा निर्वाध रुपमा संचालनको लागि कानूनको परिधिभित्र रही संचालक समिति, क्याम्पस व्यवस्थापन पक्ष, प्राध्यापक, स्थानीय जनप्रतिनिधी, विद्यार्थी प्रतिनिधीहरु, शिक्षा क्षेत्रमा सरोकार राख्ने स्थानीय भद्रभलादमी, नागरिक समाज, सरोकारवालाहरु समेतको सहभागितामा दिगो एवं ठोस कार्ययोजना बनाई अगाडि बढ्नका लागि मिर्चैया नगरपालिकाले नेतृत्वदायी भूमिका निर्वाह गर्ने ।
४. लामो समयदेखि विद्यार्थीहरुबाट संकलित विभिन्न शुल्क तथा आम्दानीको लाखौ रकमहरु कुनै व्यक्ति विशेषको जिम्मामा रहेको बुझिएकोले त्यस्तो रकम तत्कालै क्याम्पसको खातामा जम्मा गर्न लगाउने, प्राध्यापक लगायतका कर्मचारीले पाउनु पर्ने सेवा, सुविधा स्रोतको आधारमा उपलव्ध गराउने र क्याम्पसको लेखा परिक्षण प्रतिवेदन सम्पन्न भईसकेको अवस्थामा सार्वजनिक गर्ने, लेखा परिक्षण हुन बाँकी आम्दानी तथा खर्चको विवरण पारदर्शी रुपमा सार्वजनिक गर्ने गराउने ।
५. विद्यार्थीहरुबाट संचालित क्याम्पस बन्द लगायतका कार्यक्रमहरुलाई तत्काल स्थगित गरी गराई पठन पाठन सूचारु गर्ने गराउने ।

(रुद्रप्रसाद पण्डित)
प्रमुख जिल्ला अधिकारी

बोधार्थ :-
श्रीमान् सचिवज्यू
गृह मन्त्रालय, सिंहदरवार, काठमाडौं ।

श्री जिल्ला प्रहरी कार्यालय, सिरहा ।

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
सिरहा
(प्रशासन फाँट)

☎ ५२०१२१
५२००३२
फ्याक्स ५२००९९

प.सं.:- २०७४/०७५
च.नं.:- १०३६८

मिति २०७५।०२।३१

विषयः- न्यायिक समिति गठन तथा कार्यान्वयन सम्वन्धमा ।

श्री प्रमुख/अध्यक्षज्यू
नगरपालिका/गाउँपालिकाको कार्यालय

..... ।

नेपालको संविधानको धारा २१७ मा कानून बमोजिम आफनो अधिकार क्षेत्र भित्रका विवाद निरुपण गर्न गाउँपालिका वा नगरपालिकाले प्रत्येक गाउँपालिकामा उपाध्यक्षको संयोजकत्वमा र प्रत्येक नगरपालिकामा उपप्रमुखको संयोजकत्वमा तीन सदस्यीय एक न्यायिक समिति रहनेछ भनी व्यवस्था भएको । स्थानीय सरकार संचालन सम्वन्धमा व्यवस्था गर्न बनेको ऐन, २०७४ को परिच्छेद ८ मा समेत न्यायिक कार्य सम्वन्धी व्यवस्था गरेको पाइन्छ ।

माथी उल्लेख भए बमोजिम कतिपय नगरपालिका तथा गाउँपालिकाहरुले विवाद मेलमिलाप, निरुपण तथा मध्यस्थता सम्वन्धी तालिम लिएको बुझिाएको तर न्यायिक समिति गठन नगरेको बुझिन आएको हुँदा स्थानीय पालिकाहरुमा हुने स-साना विवाद (स्थानीय सरकार संचालन सम्वन्धमा व्यवस्था गर्न बनेको ऐन, २०७४ को परिच्छेद ८ को दफा ४७ बमोजिमका) का विषयहरु निरुपणका लागि स्वयम् न.पा/गा.पा.को पदाधिकारीहरुबाट यस कार्यालयमा पठाउने गरेको कारण यस कार्यालयको कार्यबोझ थपिदै गएको र त्यस्ता स-साना विवादहरु समाधानकै क्रममा बढी समय खर्च हुने गरेको पाइएको हुँदा नेपालको संविधान तथा ऐन नियमले स्थानीय सरकारलाई प्रदान गरिएको अधिकारको पूर्ण उपयोग गरी आफनो नागरिकलाई छिटो छरितो सेवा/सुविधा प्रदान गर्ने सन्दर्भमा त्यस पालिकाको उपप्रमुख/उपाध्यक्षको अध्यक्षतामा गठन हुने न्यायिक समिति शीघ्र गठन गरी ऐनमा तोकिएको अधिकारक्षेत्र बमोजिमका कार्यहरु प्रारम्भ गरी स्थानीय सरकारको अभ्यास स्थानीय स्तरमै गर्ने गराउने व्यवस्था मिलाउन हुन अनुरोध छ ।

(रुद्रप्रसाद पण्डित)
प्रमुख जिल्ला अधिकारी

बोधार्थ :-
श्रीमान् सचिवज्यू
गृह मन्त्रालय
सिंहदरवार, काठमाडौं ।

श्रीमान् सचिवज्यू
संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
सिंहदरवार, काठमाडौं ।

श्री प्रहरी उपरीक्षकज्यू
जिल्ला प्रहरी कार्यालय, सिरहा ।

श्री उपप्रमुख/उपाध्यक्षज्यू
नगरपालिका/गाउँपालिकाको कार्यालय, ... ।

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
सिरहा
(प्रशासन फाँट)

☎ ५२०१२१
५२००३२
फ्याक्स ५२००९९

प.सं.:- २०७४/०७५
च.नं.:-90393

मिति :- २०७५।०२।३०

विषयः- आवश्यक व्यवस्था मिलाउने सम्वन्धमा ।

श्री नगरपालिका/गाउँपालिकाको कार्यालय

..... ।

प्रस्तुत विषयमा आउदै गरेको मनसुन (बाढी एवं बर्षातको मौसम) को प्रभाव नेपालमा देखापर्न शुरु भईसकेको तथा बर्षेनी बाढी एवं बर्षातको कारण अत्यधिक मात्रामा धनजनको क्षति हुने गरेको गत विगतमा भएका क्षतिहरुको मूल्यांकनबाट देखिन्छ । विगतमा घटेका घटनाहरु हुन नदिन तथा समयमै सजग रहन प्रत्येक विपद् व्यवस्थापन समितिको बैठकमा छलफल भएकै र यस कार्यालयबाट समेत बारम्वार पूर्वतयारीका कार्यहरु गर्न निर्देशन दिई रहेकै अवस्था छ ।

अतः मनसुनको प्रभावबाट हुने अत्यधिक धनजनको क्षतिलाई न्युनिकरण गर्न त्यस स्थानीय तहको अन्तर्गत तपशिल बमोजिमका कार्यहरु समयमै गर्ने गराउने व्यवस्था मिलाउन हुन अनुरोध गरिन्छ ।

तपशिल :-

१. नदि, खोला, नहरहरुमा पानीको बहावबाट सुरक्षित रहनको लागि निर्माण गरिएको तटवन्ध/बाँधहरु भत्किएका/भत्किन सक्ने स्थानको पूर्व पहिचान गरी समयमै मर्मत सम्भार गर्ने गराउने ।
२. विपद्को कार्यमा प्रयोग हुने सक्ने त्यस पालिका वा मातहतका वडा कार्यालयहरुमा रहेका सवारी साधन (दमकल, क्रेन, स्काईभेटर, टिपर, ट्याक्टर, आदि) मर्मत सम्भार गर्नुपर्ने भए तुरुन्त गरी चालु अवस्थामा राख्न सो को विवरण यथाशीघ्र पठाउने ।
३. विपद्को समयमा परिचालन हुनसक्ने स्वयम्सेवक एवं अन्य कर्मचारीहरुको विवरण अद्यावधिक गरी आवश्यक पर्ने प्राथमिक उपचारका औषधीहरुको स्टक राख्ने तथा सो को विवरण समेत अद्यावधिक राख्ने ।
४. विपद्को समयमा स्थानीय स्तरबाट गर्न सकिने उद्धार तथा राहत कार्यहरु सम्वन्धमा पूर्वयोजना बनाई लागु गर्ने ।
५. स्थानीय विपद् व्यवस्थापन कोषमा जम्मा भएको विनियोजित रकमको विवरण पठाउने ।
६. स्थानीय विपद् व्यवस्थापन कोषबाट खर्च गर्ने रकमको मापदण्ड तयार तथा स्वीकृत गरी सो को एक प्रति यस कार्यालयमा पठाउने ।
७. प्रभावितहरुलाई तत्काल बासस्थानका लागि सुरक्षित बासस्थान (Evacuation Centre) को पहिचान गर्ने र सोको विवरण पठाउने ।

(रुद्रप्रसाद पण्डित)
प्रमुख जिल्ला अधिकारी

बोधार्थ :-

श्री जल उत्पन्न प्रकोप व्यवस्थापन कार्यालय
लहान : त्यस कार्यालयबाट हुने/हुनसक्ने मर्मत सम्भारका कार्यहरु तदारुकताकासाथ समयमै सम्पन्न गर्ने गराउने व्यस्था मिलाउन हुन ।

श्री जिल्ला भुसंरक्षण कार्यालय
लहान त्यस कार्यालयबाट हुने/हुनसक्ने मर्मत सम्भारका कार्यहरु तदारुकताकासाथ समयमै सम्पन्न गर्ने गराउने व्यस्था मिलाउन हुन ।

श्री खानेपानी तथा सरसफाई डिभिजन कार्यालय
लहान : पूर्वतयारीका कार्यहरु गर्न गराउन हुन ।

श्री नेपाल रेडक्रस सोसाइटी, जिल्ला शाखा, सिरहा ।

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
सिरहा
(प्रशासन फाँट)

☎ ५२०१२१
५२००३२
फ्याक्स ५२००९९

प.सं.:- २०७४/०७५
च.नं.:- १०१९५

मिति :- २०७५।०२।२७

विषय:- आवश्यक व्यवस्था मिलाउने सम्वन्धमा ।

श्री प्रहरी उपरीक्षकज्यू
जिल्ला प्रहरी कार्यालय, सिरहा ।

प्रस्तुत विषयमा यस जिल्ला अन्तर्गत मुख्य तथा सहायक मार्गहरुमा प्राय: दैनिक जसो घटिरहने सवारी दुर्घटना लगायत अन्य सामान्य दुर्घटनाहरुमा घाइतेहरुको उपचारार्थ तत्काल नजिकको सेवासुविधा सम्पन्न सरकारी अस्पतालमा लगी उपचार गराउनु पर्नेमा सामान्य चोटपटक लागेको अवस्थामा समेत जिल्ला बाहिरका महंगो निजी क्लिनिक, अस्पतालमा थप उपचारको लागि रेफर गर्ने गरेको तथा कतिपय सरकारी अस्पतालहरु सुविधासम्पन्न भएतापनि सेवाग्राहीहरुको हितमा प्रयोग नभएको घटनाहरु सम्वन्धमा यस कार्यालयको गम्भीर ध्यानाकर्षण भएको छ ।

तत्काल उपलव्ध साधनस्रोतबाट उपचार गर्नै नसकिने गम्भीर प्रकृतिका विरामहरु बाहेक साधारण चोटपटक लागेको विरामीहरुलाई जिल्ला बाहिर रेफर गर्नुको कारण समेत पत्ता लगाई अव उप्रान्त जिल्लाभित्रै उपचार हुने सक्ने सामान्य घटनाहरुको हकमा तत्कालै नजिकै रहेको मेडिकल अधिकृत भएको सरकारी प्रा.स्वा.केन्द्र र अस्पतालमा पठाउने र त्यस्ता निकायहरुबाट रेफर गरेपछि मात्र अन्यत्र रेफर गर्ने गराउने तर्फ आवश्यक व्यवस्था मिलाउन मातहतका सबै निकायहरुमा निर्देशन हुन अनुरोध गर्दछु ।

रुद्रप्रसाद पण्डित
प्रमुख जिल्ला अधिकारी

बोधार्थ :-
श्रीमान् सचिवज्यू
गृह मन्त्रालय, सिंहदरवार, काठमाडौं ।

श्री प्रमुखज्यू
जिल्ला स्वास्थ्य कार्यालय, सिरहा : तहाँबाट समेत मातहतका निकायहरुमा निर्देशन हुन ।

e-mail : daosiraha@moha.gov.np
website : daosiraha.moha.gov.np
facebook : www.facebook.com/daosiraha123